लुम्बिनी विजयी

बुटवल । विराटनगर सुपर किंग्सलाई २४ रनले पराजित गरी लुम्बिनी अल स्टार्सले नेपाल टी-२० लिगको उपाधि जितेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा बुधबार भएको लो स्कोरिङ खेलमा १३४ रनको लक्ष्य पछ्याएको विराटनगरले निर्धारित ओभरमा ८ विकेट गुमाएर १०९ रनमात्र बनाउन सक्यो ।

विराटनगरका लागि ओपनर अर्जुन साउदले ४० बलमा सर्वाधिक ३४ रन बनाए ।अर्का ओपनर गौरान्सु शर्मा ४ रनमा आउट भए । कप्तान रोहितकुमार पौडेल पहिलो बलमै आउट भए । हुसेन तलात ८ बलमा १३ रनमा रन आउट भए । पृथु बास्कोटाले २९ बल खेल्दै ३१ रन बनाए ।

बलिङमा लुम्बिनीका सागर ढकाल र हर्मित सिंहले समान २-२ विकेट लिए । विपुल शर्मा र किशोर महतोले १ -१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको लुम्बिनी १९.२ ओभरमा अलआउट भएको थियो । सुरुवात राम्रो गरे पनि मध्यक्रममा ब्याटरहरुको प्रदर्शन अपेक्षाअनुसारको नहुँदा लुम्बिनी १३३ रनको कमजोर योगफलमा सीमित भयो ।

ओपनरहरु हरमित सिंह र लाहिरु मिलन्थाले ६४ रनको साझेदारी गर्दै सानदार सुरुवात गरेका थिए । हरमित ३० र लाहिरु ४१ रनमा आउट भए । कप्तान दिपेन्द्र सिंह ऐरी २० र इशान पाण्डले १८ रन बनाउँदा बाँकी कसैले पनि दोहोरो अंकको स्कोर गर्न सकेनन् ।

६ जना बलर प्रयोग गरेको विराटनगरका सबैले विकेट लिए । नन्दन यादव र राज नन्नले २-२ विकेट लिए । हुसेन तलात, केन जोसेफ, सूर्य तामाङ र कप्तान रोहितकुमार पौडेलले समान १ विकेट लिए । सूर्यले ४ ओभर बलिङ गर्दा मात्र ८ रन दिए ।

प्रतियोगितामा १२ खेलमा २ हार ब्यहोरेको लुम्बिनी च्याम्पियन बन्यो । लिगमा १० मध्ये ८ जितसहित शीर्ष स्थानमा रहेर प्लेअफमा पुगेको लुम्बिनीले पहिलो क्वालिफायरमा जनकपुर रोयल्सलाई पराजित गरी फाइनलमा पुगेको हो ।

उपविजेता बनेको विराटनगरले भने इलिमिनेटरमा काठमाडौं नाइट्सलाई हराएर दोस्रो क्वालिफायरमा जनकपुरलाई पराजित गरी फाइनलमा पुगेको हो ।

उपाधिसँगै लुम्बिनीले ५५ लाख रुपैयाँ पुरस्कार पाएको छ । उपविजेता विराटनगरले ३० लाख रुपैयाँ पुरस्कार पाएको छ । तेस्रो भएको जनकपुर रोयल्सले १० लाख र चौथो भएको काठमाडौं नाइट्सले ५ लाख रुपैयाँ पाउनेछ ।

लिगको सर्वोत्कृष्ट खेलाडीले ५ लाख र उत्कृष्ट ब्याटर र बलरले जनही २ लाख ५० हजार पाउनेछन् ।

निःशुल्क कानूनी सहायता

रुकुमपूर्व । रुकुमपूर्वका विपन्न नागरिकका लागि निःशुल्क कानुनी सहायता सेवा सुरु भएको छ । सेवा शुल्कवापतको पैसा आफैंले तिरेर कानुनी लडाई लड्न नसक्नेलाई लक्षित गरेर कात्तिक १ गतेदेखि जिल्लाभरका नागरिकलाई कानूनी सेवा दिन सुरु गरिएको हो ।

वार्षिक ४० हजारभन्दा कम आम्दानी हुने विपन्न नागरिकलाई लक्षित गरी यो सेवा सञ्चालनमा रहेको जिल्ला कानुनी सहायता अधिकारी अधिवक्ता मधुकर पाण्डेले जानकारी दिए । सेवा शुल्क तिरेर मुद्दा लड्न नसक्ने नागरिकलाई लक्षित गरेर यो सेवा सञ्चालनमा रहेको उनले बताए ।

उनका अनुसार बहस पैरवी गर्ने, लिखत तयार गरिदिने, निवेदनको ढाँचा भरिदिने, परामर्श सेवा दिने, कारागार भ्रमण गर्नेदेखि वैतनिक कानुन व्यवसायीको सेवाका लागि सम्बन्धित जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतको सूचना तथा सहयोगकक्ष वा सोधपुछ कक्षमा सम्पर्क गर्नका लागि निःशुल्करूपमा सहयोग गरिनेछ । अशक्त, नाबालक, आर्थिकरूपमा विपन्न तथा थुनुवा रहेका व्यक्ति, लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिले यस्तो सेवा पाउने अधिवक्ता पाण्डेको भनाइ छ । वडाको सिफारिस र व्यक्तिगत निवेदन लिएर आएमा यस्तो सेवा पाइने उनले बताए ।

कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समितिअन्तर्गत जिल्ला कानूनी सहायता समितिमार्फत यो सेवा सञ्चालनमा आएको तर जिल्लामा आर्थिक तथा भौतिक व्यवस्थापन, जनशक्ति व्यवस्थापनलगायतका कारण सेवा प्रभावकारी बन्न सकिरहेको छैन । कानुनी सहायता कसैले नलिए पनि परामर्श सेवा भने प्रदान भइरहेको जिल्ला कानुनी सहायता अधिकारी अधिवक्ता पाण्डेले जानकारी गराए ।

यसका लागि सबै नागरिकलाई जानकारी गराउने काम भइरहेको उनले बताए । अदालतसम्म पुगेर कानुनी लडाइँ गर्नुपर्ने तर अर्थाभावका कारण समस्यामा रहेका सबै व्यक्तिलाई उनले यो सेवा लिनका लागि आग्रह गरेका छन् । सिस्ने गाउँपालिका-५ चोकबजारमा अवस्थित जिल्ला अदालत नजिकै समितिको कार्यालय रहेको र त्यहाँ पुगेर यसबारेमा थप जानकारी लिन सकिने उनले बताए । रासस

तरकारी किसानलाई बजारको चिन्ता

कपिलवस्तु। कपिलवस्तुनगरपालिका-९ का शिवपुजन बर्इकी परिचय व्यावसायिक तरकारी किसानका रूपमा छ । मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आउनुभएका बर्इकी खेतमा अहिले टमाटर बेच्ने अवस्थामा छ । साथमा काउली, बन्दा, मुलालगायतका तरकारी बिक्री हुने अवस्थामा छ । वैशाख, जेठलाई लक्षित गरी उनले तरकारी लगाउन थालेका हुन् ।

बर्इ आफूले गरेको मेहेनत देखेर जसरी खुसी देखिन्छन् उत्तिकै बढी चिन्ता बजार मूल्यको छ । 'अहिलेसम्म पर्याप्त मल पाइएको छैन, बीउबिजन पनि गुणस्तरहीन हुँदा आपतञ्जस्तै छ,' उनले गुनासो गर्दै भने-'किसानको जीवन सधैं चिन्तामा बित्ले भयो ।' बर्इ पुर्खाले नै गर्दै आएको तरकारी खेती अँगाल्न पुगेका हुन् ।

बुवाले गर्दै आएको तरकारी खेती आफूले पनि अँगालेको उनले बताए । 'म ४० वर्षको भएँ, यही तरकारी खेतीबाहेक दायाँबायाँ लागेको छैन ।'- उनले भने । पुर्खौंदेखि तरकारी खेती गरे पनि उनको जीवन भने फेरिएको छैन । घरको स्थिति विगतजस्तै छ । छोराछोरी सरकारी विद्यालयमा जसोतसो पढ्न पाएका छन् । 'तरकारी खेती गरेर जीवन कहिले फेरिने हो, म त सपना देख्छु ।'- उनी भन्छन् ।

अर्का किसान श्रीप्रसाद मौर्या पनि व्यावसायिक तरकारी खेती गर्न लागेको तीन दशक बढी भएको छ । पन्ध्र कट्ठा क्षेत्रफलमा मौर्यले तरकारी खेती गर्दै आएका छन् । बाह्रै महिना तरकारी फलाउने मौर्याको जीवन बर्इको जस्तै छ । 'वर्षभरि तरकारी खेती गऱ्यो, आम्दानी सापोनापो उहीं हुन्छ,' उनले भने-'तरकारी फलायो फलायो मूल्य पर्दैन, समयमा मल पाइँदैन, बीचमा बिचौलिया हाबी हुन्छन्, लगानी पनि उठ्न सक्दैन ।'

अहिले बजारमा पाइने सबैथरिका मौसमी तरकारी उनले उत्पादन गरेका छन् । तर उनको मनमा खुसी भने छैन । भारतबाट चर्को मूल्यमा मल ल्याउनुपर्ने अवस्था भएको उनको गुनासो छ । जसोतसो उत्पादन गरेको तरकारी पनि बजारसम्म पुऱ्याउन निकै कठिन भएको उनी बताउँछन् ।

बर्इ र मौर्याका जस्तै यहाँ व्यावसायिक तरकारी खेती गर्ने किसानको सामूहिक समस्या हो । जिल्लामा व्यावसायिक तरकारी खेती गर्दै आएका किसानले विभिन्न समस्या भेल्दै आएका छन् । समयमा मलखाद र बीउ नपाइनु, सिँचाइ सुविधा अभाव हुनु, बिक्री केन्द्र नहुनु र बीचमा बिचौलिया हाबी हुँदा व्यावसायिक तरकारी खेती गर्दै आएका किसान मर्कामा छन् ।

कृषि ज्ञान केन्द्र कपिलवस्तुका अनुसार पछिल्लो समय व्यावसायिक तरकारी खेती गर्ने किसानको संख्यामा वृद्धि भएको छ । जिल्लाका सावित धनकौली, निग्लिहवा, बिजुवा, नन्दनगर गाविस, कपिलवस्तु नगरपालिका वडाको वडा नं. ३, ४, ५, बुद्धभूमि नगरपालिकाको बुद्धढी, शिवराज नगरपालिकाको शिवपुर, चन्द्रौटा, वाणगङ्गा नगरपालिकाको मोतीपुरलगायतका स्थानमा व्यावसायिक तरकारी खेती हुँदै आएको कार्यालयले जनाएको छ ।

जिल्लाको उत्तरी क्षेत्रमा बजारीकरण भएको कारण किसानले उत्पादन गरेको तरकारी सजिलै बिक्री हुने गरे पनि दक्षिणी क्षेत्रका किसान मर्कामा पर्ने गरेका छन् । भारतीय सीमाबाट दैनिक भित्रने तरकारीले बजार ढाक्दा नेपाली किसान मर्कामा परेका हुन् । भारतको भन्दा नेपालको तरकारी महँगो हुने किसान बताउँछन् ।

'उत्पादन लागत बढ्दा स्वभाविक बेच्दा महँगो पर्छ, भारतबाट आउने तरकारी तुलनात्मकरूपमा सस्तो पर्छ,' तौलिहवाका तरकारी किसान राम गुप्ता भन्छन्-'यसले गर्दा हामी मर्कामा छौं ।' यहाँ सडकको राम्रो पहुँच नहुँदा पनि दक्षिणी भेगका किसान मर्कामा पर्ने गरेका छन् ।

लुम्बिनी...

विगतमा लुम्बिनी प्रदेशको स्थायी राजधानी तोक्ने समयमा समेत महत्वपूर्ण भूमिका निभाएका मुख्यमन्त्री गिरीले आफू नियुक्त भैसकेपछि पनि प्रदेशको कार्यान्वयन नै आफ्नो पहिलो प्राथमिकता भएको बताएका थिए ।

को हुन्...

जिल्ला नेतृत्वबाट बाहिरिए पनि गिरीको राजनितिक जिम्मेवारी भने अकासिदै गयो । २०६९ सालमा एमालेको सांविक लुम्बिनी अञ्चल समन्वय कमिटी सदस्य र संगठन विभाग प्रमुख बने । पार्टी कमिटीमा कटिबद्ध गिरी २०७१ साल असार १९ गतेदेखि २५ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा सम्पन्न पार्टीको नवौं महाधिवेशनबाट केन्द्रीय कमिटी सदस्यमा निर्वाचित भए ।

गिरीले नेकपा एमाले र माओवादी केन्द्रको एकीकरण पछि बनेको नेकपाको लुम्बिनी प्रदेश कमिटी अध्यक्षको जिम्मेवारी पूरा गरेका थिए । २०७८ साल मंसिर १० गतेदेखि १२ गतेसम्म चितवनमा भएको पार्टीको दशौं राष्ट्रिय महाधिवेशनबाट भने उनी नेकपा एमालेको पोलिटब्यूरो सदस्यमा निर्वाचित भएका थिए । गिरी हाल पार्टीको पोलिटब्यूरो सदस्यसँगै लुम्बिनी प्रदेशका सह-इञ्चार्ज हुन् ।

नेकपा एमाले भित्र अत्यन्त सरल नेताका रूपमा चिनिने गिरी पार्टी बाहिर पनि जीवनभर निष्ठाको राजनीति गर्ने इमान्दार नेता र समाजसेवीको रूपमा चिनिन्छन् ।

स्नातकसम्मको अध्ययन र किसान आन्दोलनबाट कम्युनिष्ट आन्दोलनमा लागेका उनले कृषि, पशुपालन, वन विज्ञान र समाजशास्त्रमा विशेष दख्खल राख्छन् ।

रूपन्देहीको स्थापित 'सोह्र-छत्तीस मौजा सिँचाइ प्रणाली' को नेतृत्व हुँदै किसान आन्दोलनमा लागेकाले गिरीलाई किसान नेताका रूपमा पनि चिनिन्छ ।

२०७४ साल मंसिर २१ गते सम्पन्न पहिलो प्रदेशसभा निर्वाचनमा रूपन्देहीको क्षेत्र नं. २ (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका गिरी शंकर पोखरेल नेतृत्वको सरकारमा उद्योग वन, पर्यटन, वातावरण मन्त्री बनेका थिए ।

मन्त्रालयको जिम्मेवारी बाँडफाँड नभइसक्दा केही समय आन्तरिक मामिला तथा कानून र स्वास्थ्य मन्त्रीको समेत जिम्मेवारी सम्हालेका थिए ।

गत मंसिर ४ गते सम्पन्न प्रदेशसभा निर्वाचनमा पनि रूपन्देहीको क्षेत्र नं. २ (१) बाट काग्रेस नेतृत्वको गठबन्धनलाई पराजित गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित गिरी प्रादेशिक संरचनापछि गठन हुने लुम्बिनी प्रदेशको चौथो मुख्यमन्त्रीका रुपमा नियुक्त भएका हुन् ।

Bhumikasthan Municipality
Office of Municipal Executive
Nuwakot, Arghakhanchi

Invitation for Bids

Date of publication: 12-01-2023 (2079/09/28)

1. Bhumikasthan Municipality invites electronic bids from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the costNRs.1000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Parbhu Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 2587086986800138

Information to deposit the BID Security Amount in Bank:
Name of the Bank: Parbhu Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 2587086986800048

4. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchiat1:00 pmon 22January, 2023 (2079-10-08).
5. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

Bidders other details are as given below:

Tender No.	Name of Project	Bid Price	Estimate cost (Exclusive of VAT and Contingencies)	Bid Security Amount In NRs	Bid security valid period	last date of Bid purchase	last date of Bid s ubmitted	Bid Open
19/BMA/ W/ UPG/ 079/08	UpalloDhakabang Piplarukha Bhagawati Ma Vi Motorable Road Upgrading Works.	NRs. 1000.00 (Not Refundable)	519494.25	NRs. 15000/-	75	26-01-2023 (2079-10-12)	27-01-2023 (2079-10-13) 12:00 noon	27-01-2023 (2079-10-13) 1:00 PM
20/BMA/W/ UPG/079/80	Bhumikasthan Bahunpata Aunarukha lewase Motorable Road Upgrading, Bhumikasthan Ward No.2 and 3	NRs. 1000.00 (Not Refundable)	692639.72	NRs. 20000/-				
21/BMA/W/ UPG/079/80	Choutaralewase Motorable Road Construction, Bhumikasthan-3	NRs. 1000.00 (Not Refundable)	865755.24	NRs. 24500/-				
22/BMA/W/ TC/079/80	Dharapani Healthpost Truss Constriction, Bhumikasthan-4	NRs. 1000.00 (Not Refundable)	692602.39	NRs. 20000/-				
23/BMA/W/ UPG/079/80	Gairagoth Choutara Jheske Motorable Road Upgrading Works.	NRs. 1000.00 (Not Refundable)	1298689.20	NRs. 37000/-				
24/BMA/W/ UPG/079/80	Kafal basgabade basanta pani motor able road upgrading works.	NRs. 1000.00 (Not Refundable)	692567.05	NRs. 20000/-				
25/BMA/W/ UPG/079/80	Deurali Tallapaku Motorable road upgrading works.	NRs. 1000.00 (Not Refundable)	1731600.23	NRs. 49000/-				

6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Other details are available on the E-Procurement Section of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office web site: www.bhumi8kasthanmun.gov.np

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खाबाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०९/२८

मालिका गाउँपालिकाले कृषी तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसंस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९ कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषी तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आशय पत्र पेश गर्न आव्हान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ।

बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय
बुटवल, रामनगर-१०, रुपन्देही
फोन नं- ०७१-५४०२८५ ; ५४०५८५

आशयपत्र प्रकाशनको सूचना

यस कार्यालयको मिति २०७९/०८/०२ गते राष्ट्रियस्तरको पत्रिकामा प्रकाषित भई bolpatra.gov.np/egp मा रीतपुर्वक पर्न आएका बोलपत्रअध्ये तपसिल सूचना नं. तथा बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा(१),(२)बमोजिम सम्बन्धित सबैको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

आयोजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.क बाहेक)
Construction of new RCC Road inside BuID & Substation Improvement Works ; BUIDMO/CVL/079/080-01ST	रिजेन्सी बिल्डर्स , काठमाडौं	रू.१,१९,३७,५१०/४३
Construction of 6 Inch Dia new Water Supply pipeline inside BuID ; BUIDMO/WTR/079/080-02ST	श्री एम.आर.एम कन्स्ट्रक्स बुटवल-७ , रुपन्देही	रू.३१,५७,२१६/३४

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोड्सेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ्ग खाली गरिने छ ।

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार